नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

फ्याक्स- २२३५८० २६२६९६ २६९७३६ २६२८०२ २६२९८७ २६२४६८ २६२५४३

पत्र संख्या:- ०७१/०७२
च.नं. :-

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय २०६१

रामशाहपथ,
काठमाडौं, नेपाल

मिति: २०७२।०१।३०

बिषय : उद्धारकर्ता, घाईते एवं आमनागरिकहरुलाई जानकारीको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्ती

भूकम्प पिडित तथा घाईतेहरुको उद्धार, उपचार तथा बिपद पश्चात हुने प्रकोप तथा रोगहरु रोकथामको लागि मिति २०७२/०१/३० गते १२ बजे सम्म स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट देहाय बमोजिमका क्रियाकलापहरु भएको कुरा सम्बन्धित सबैको जानकारीको लागि प्रेषित गरिन्छ।

१. राष्ट्रिय तथा अन्तराष्ट्रिय उपचार टोलीहरुको परिचालन, अनुगमन तथा बैठक

- मिति २०७२/०१/३० गतेसम्म स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट १०७ वटा अन्तराष्ट्रिय टीम परिचालन भएका छन् जसमा १०१९ मेडिकल बिशेषज्ञहरु, ३६१ नर्सहरु र ९४२ प्यारामेडिक्स्हरु गरी जम्मा २३२१ रहेका छन्।
- सरकारी स्वास्थ्य संस्था बाहेक ४१ भन्दा बढी राष्ट्रिय तथा गैर आवासिय नेपाली मेडिकल बिशेषज्ञहरुको टिम परिचालन भएका छन् जस्मा १५४ मेडिकल बिशेषज्ञहरु, ८२ नर्सहरु र ९० प्यारामेडिक्स्हरु गरी जम्मा ३६७ रहेका छन्।
- २०७२/०१/२९मा आएको भूकम्प पराकम्पनलाई समेत मध्यनजर गरी माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्रीज्यूको संयोजकत्वमा बैठक बसी तत्काल निम्न लिखित कार्य गर्न गराउन निर्देशन दिनु भयो।
  - आजको भूकम्पबाट बढी प्रभावित भएका सम्बन्धित जिल्लामा कार्यरत अन्तराष्ट्रिय मेडिकल टीमहरुलाई निरन्तर रुपमा सोही जिल्लाहरुमा कार्य गरिरहन अपिल गरिएको छ।
  - दोलखा जिल्लामा बिर अस्पतालबाट अर्थोपेडिक सर्जन सहितको टिम तुरन्त परिचालन गरिएको छ र उपत्यका भित्रका ६ वटा अस्पतालका मेडिकल टिमलाई कुनै पनि बेला कुनै पनि स्थानमा परिचालन गर्न सक्ने गरी तयारी हालतमा राखिएको छ।
  - उपत्यका भित्रका जनस्वास्थ्य कार्यालयहरुले उपत्यकाका बिभिन्न स्थानमा क्याम्प स्थापना गरी सेवा प्रदान गरिरहेका छन् र थप सतर्कता अपनाईरहेका छन्।
  - उपत्यका तथा भूकम्प प्रभावित जिल्लाहरुमा खटिएका हब संयोजक (Hub Coordinator) ले कार्य गरिरहनुभएकोमा त्यसलाई निरन्तरता दिदैं अझ शसक्त र सक्रियताका साथ कार्य गर्न।
  - उपत्यका भित्रका अस्पतालहरुमा देहाय बमोजिम सह सचिवस्तर लगायतका कर्मचारीहरुलाई खटाई स्थितिको अनुगमन गर्न निर्देशन दिनु भयो।
    - सैनिक अस्पताल छाउनी - डा. खेम कार्की
    - बिर अस्पताल - केदार बहादुर अधिकारी
    - निजामति अस्पताल - डा. कृष्ण पौडेल
    - धुलिखेल अस्पताल - डा. बिकास लामिछाने
    - शिक्षण अस्पताल - महेन्द्र प्रसाद श्रेष्ठ
  - स्वास्थ्यकर्मीहरुले यो बिपदको अवस्थामा पुर्‍याएको सेवाको उच्च प्रशंसा गर्दै स्वास्थ्य सेवाको पाटो अझैपनि विभिन्न क्षेत्रमा टडकारो रुपमा आबश्यक देखिएकाले उच्च मनोबलका साथ आफ्नो कार्यक्षेत्रमा अनवरत रुपमा लागिरहन माननीय मन्त्रीज्यूबाट निर्देशन भयो।
  - स्वास्थ्य क्षेत्रमा कार्य गर्ने स्वयंसेवकहरुले बिरामीलाई स्वास्थ्य संस्थासम्म पुर्‍याउन र उपचार कार्यमा अस्पताल ब्यवस्थापनलाई सहयोग गर्नु हुन अपिल गर्नु भयो।

नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

२२३५८०
२६२६९६
२६९७३६
२६२८०२
२६२९८७
२६२४६८
२६२५४३

पत्र संख्या:- ०७१/०७२
च.नं. :-

रामशाहपथ,
काठमाडौं, नेपाल

- बिरामी उपचारको लागि आवश्यक पर्ने त्रिपालहरु बिभिन्न अस्पतालहरुलाई तत्काल उपलब्ध गराउन निर्देशन दिनुका साथै यस विपदबाट मानबमृत्यु कम गर्नका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले हरतरहको प्रयास जारी राख्ने प्रतिबद्धता समेत ब्यक्त गर्नु भयो ।

२. उपकरण र औषधि

- २०७२/०१/२९ गते गएको भूकम्पबाट देशमा पुन: मानबीय क्षति भएकोले सो लाई तत्काल आपतकालिन उपचार कार्यको लागि आबश्यक पर्ने औषधि जन्य उपकरण खरिद गर्नका लागि भक्तपुर, पाटन, निजामती अस्पताल, त्रि.बि. शिक्षण अस्पताल र ट्रमा सेन्टरलाई, बिरेन्द्र शैनिक अस्पताललाइ ५ लाखका दरले, प्रहरी अस्पताल र शशस्त्र अस्पताललाई ३ लाखको दरले, धुलिखेल अस्पताललाई १० लाखका दरले तत्काल रकम उपलब्ध गराउने निर्णय भयो ।
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भूकम्पबाट प्रभावित जिल्लाका बिभिन्न स्वास्थ्य संस्थाहरुमा आवश्यकता अनुसार निरन्तर रुपमा सम्पर्कमा रही आवश्यक औषधि र उपकरणहरु पठाईरहेको छ ।

३. उपचार गरिएको बिरामी तथा घाइतेको संख्या

- मिति २०७२/०१/२९ गतेसम्म उपचार पाएका घाईते तथा विरामीको जम्मा संख्या: ७६६३८ रहेको छ ।
- नुवाकोट जिल्लामा सबै भुकम्प प्रभावित गा.बि.स.हरुमा स्वयंसेवकको रुपमा एम.बि.बि.एस. चिकित्सकहरु पठाउने ।

४. महामारी रोकथामका लागि गरिएको प्रयासहरु

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले रोगकोहरुको प्रकोप रोकथामका लागि स्वास्थ्य सन्देशहरु संचार माध्यमहरुबाट प्रचार–प्रसार र शैक्षिक सामग्रीहरु भूकम्प प्रभाबित जिल्लाहरुमा बितरण निरन्तर रुपमा गरिरहेको छ ।
- धादिङ जिल्लामा मनो-सामाजिक परामर्शको लागि टिमहरु परिचालन भएका छन् ।

५. स्वास्थ्यकर्मीको ब्यवस्था र अन्य विषय

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भूकम्पवाट प्रभावित विरामी तथा घाइतेहरुको उपचार तथा सूचनाको उपलब्धतामा सहजताका लागी टोल फी नं १६६०0१३३४४४ संचालनमा ल्याएको छ । यदि कुनै ठाँउबाट स्वास्थ्य सम्बन्धि जानकारी लिन वा दिन परेमा माथिदिएको टोल फ्रि नम्बरमा २४ सै घण्टा सम्पर्क गर्नु हुन अपिल गरिएको छ ।

डा. गुणराज लोहनी
सदस्य सचिव एवं प्रबक्ता
विपद व्यवस्थापनको लागि केन्द्रिय समन्वय समिति, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय